आजमिति २०७७ साल माघ महिनाको २० गतेका दिन यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्ना अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालभक्तसिँह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मनबहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्धारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्यगाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | |
| १८. | गोबिन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |
| १९ | [illegible] सिंह | MIS operator | |
| २० | रवीन्द्र बहादुर बोहरा | रोजगार संयोजक | |
| २१. | राम बहादुर मल्ल | शिक्षा अधिकृत | |

प्रमुख प्रशासकिय अधिकृ

## निर्णय नं. १

चालु आर्थिक वर्षको प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका विषयमा व्यापक छलफल भई निम्न अनुसार निर्णय गरियो ।

क. छनौट भएका आयोजनाहरु तत्काल रोजगार उपभोक्ता समिति गठन गरी प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार कार्यान्वयन गर्ने र वडाबाट सुचिकृत भएका बेरोजगारहरुबाट काम गर्ने व्यक्तिहरुको सुचि र आयोजनाको विवरण सम्झौताका लागि तत्काल पठाउने ।

ख. युवा रोजगारका लागि रुपान्तरण (पहल) आयोजना अन्तर्गतका आयोजनाहरु गाउँसभाबाट समेत पास भैसकेकाले तत्कालीन कार्य विधि अनुसार नै कार्यान्वयन गर्ने ।

ग. निम्न बमोजिमका योजनाहरु संशोधन गर्ने ।

| क.सं. | योजनाको नाम | संशोधित नाम | रकम |
|---|---|---|---|
| १. | कालाढुंगा सिर्चाइ योजना वडा नम्बर १ | धौलाकोट ढल निकास | 500000 |
| २. | कालीका मन्दिर गोठगाउँ वडा नम्बर ४ | भगवती मा.वि. फिल्ड निर्माण | 800000 |
| ३. | तिपातरा देखि गजे खेतसम्म कुलो निर्माण वडा नम्बर २ | ने.रा. प्रा.वि. घेराबार निर्माण | 500000 |
| ४. | मण्डली सेन्टर चर्च भवन वडा नम्बर २ | मण्डली सेन्टर चर्च भवन | 200000 |
| ५. | तिपातरा देखि गजे खेतसम्म कुलो निर्माण वडा नम्बर २ | | 136580 |
| ६. | सिमतडा जोड्ने बाटो वडा नम्बर ७ | | 800000 |
| ७. | कार्कीज्युला वडा कार्यालय सडकको नाली खन्ने वडा नम्बर ७ | | 1000000 |
| ८. | धनखोला वडा कार्यालय बाटो वडा नम्बर ७ | | 100000 |
| ९. | स्याँला बाटो वडा नम्बर ७ | | 100000 |
| १०. | लुहाग बाटो वडा नम्बर ७ | | 93240 |

प्रमुख प्रशासकिय अधिकृ

२०७७ माघ २० गत

प्रमुख प्रशासकिय अधिकृ

| | | | |
|---|---|---|---|
| ११ | सुवाकोट बाटो वडा नम्बर ७ | | 100000 |
| १२ | महादेव प्रा.वि. भान्सा घर | महादेब प्रा.वि. भवन मर्मत | 406560 |

निर्णय नं. २

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतबाट प्राप्त आयोजनाहरुलाई तपसिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | संशोधित नाम | रकम |
|---|---|---|---|
| १ | दाँते ओखर खेती वडा नम्बर ७ | जनविकास प्रा.वि. भवन | 2134400 |
| २ | सुवाकोट लुहाग खानेपानी मर्मत वडा नम्बर ७ | सिलिगिं भैयार थान स्याँला | 1334000 |
| ३ | | चौबाटो बल्लेखारा रु. | 800000 |
| ४ | दाँते ओखर खेती वडा नम्बर १ | वडा कार्यालय घेराबार | 2000000 |
| ५ | दाँते ओखर खेती वडा नम्बर ३ | जनप्रिय प्रा.वि. स्याँला मुलसाम | 2041500 |
| ६ | दाँते ओखर खेती वडा नम्बर ६ | नौमुली प्रा.वि. घर्तीगाउँ | 1917000 |
| ९ | दाँते ओखर खेती वडा नम्बर २ | नाउली भीर बाटो मर्मत | 100000 |
| १० | | जनता नि.मा.वि. भवन निर्माण | 200000 |
| ११ | | सेरी खोला ध्यार गाउँ अयर्ना बोरा बिसाउन सडक निर्माण (थप बजेट) | 1600000 |

निर्णय नं. ३

ध्यापाटाकुरा लिम्सा सडक स्तर उन्नतीको लागि (दोबिल्लाको मोड पिसिसि, अन्य साना खोलामा कज ओए निर्माण) PCC को QUANTITY भएको तर RCC Quantity नभएको जसले Reinforcement(सरिया) बिना विभिन्न Structure हरु निर्माण गर्न कठिनाइ हुने भएकोले तथा गुणस्तरहिन हुने भएकोले कम्तीमा ५००००० ( पाँच लाख) देखि ८००००० (आठ लाख) सम्मको सिरया आवश्यक रहेकोले उक्त सरिया खरिद गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृ

बारेकोट गाउँपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७४
प्रमुख प्रशासकिय अधिकृ

**निर्णय नं. ४**

आसपासको जमिन ओगटी सडकलाई प्रभाव पार्ने गरी कुनै पनि खालका संरचनाहरु नबनाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

वडा नम्बर ४ अन्तर्गत टालेचौर खा.पा. र जम्क खा.पा. योजनाको ३००००० बजेटलाई बोजो सैना खानेपानी योजनामा रु. ३००००० रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

वडा नम्बर ७ मा रहेको जनविकास प्रा.वि.को भवनका लागि फिल्ड अभाव भएकोले त्यहाँ निर्मित पुरानो भवनलाई भत्काई उपयुक्त स्थानमा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस बारेकोट गाउँपालिकाको ९ नम्बर वडा कार्यालयमा कार्यरत प्रशासन सेवा, सामान्य प्रशासन समुह पाँचौ तह सहायक स्तर पदमा कार्यरत कर्मचारी श्री भद्रकला बस्नेत (क.सं.नं. २३७१७९) लाई यस गाउँपालिकाबाट मार्मा गाउँपालिका दार्चुलामा तहाँ कार्यालयबाटै सेवा सुविधा उपलब्ध हुने गरी सरुवा भई जानको लागि सरुवा सहमती प्रदान गर्ने निर्णय गरियो । साथै अन्य कर्मचारीका हकमा यस चालू आ.व.मा कर्मचारी सरुवा अनुमति दिदा काममा प्रभाव पर्ने देखिएकोले आउँदो आर्थिक वर्षमा मात्रै दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

ग्रामीण विकास तथा क्लीन इन्भरमेन्ट नेपाल नामक संस्थाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको साझेदारीमा सोलार सिस्टम र चुल्हो वितरण गर्ने भनी नक्कली कागजात देखाई जनप्रतिनिधिहरुलाई भ्रममा पारी अनाधिकृत रुपमा पैसा संकलन गर्ने कार्य गरेको पाइएकोले सो संस्था र सम्बन्धित व्यक्तिलाई कानून बमोजिम कारवाही गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने साथै सोलार सिस्टम तथा चुल्होको नाममा जनप्रतिनिधि मार्फत संकलन भएको रकमसम्बन्धित व्यक्तिलाई एकिन गरीफिर्ता गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

नेपाल सरकारबाट प्राप्त सशर्त बजेट अनुसार बाखा पालन साना साना व्यवसायी पकेट विकास कार्यक्रम संचालनका लागि वडा नम्बर ७ लाई छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रादेशिक एवम स्थानीय सडक निर्माण तथा सुधार कार्याक्रम संचालन कार्यबिधि २०७७ को ३(१२२) अनुसार**जहरगाँउ- समाइला - हानेसल्ला- छेडा- लिम्सा सडकलाई** छनौट तथा पहचान गरी"**प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम समन्वय इकाई ललितपुरमा**" पठाउने निर्णय गरियो ।

बारेकोट गाउँपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७४
प्रमुख प्रशासकिय अधिकृ

२०७७ माघ २०

नि.प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ११

यस गाउंपालकाबाट शिक्षण सिकाई अनुदानमा बिनियोजित रकम अर्न्तगत खर्च हुने गरी सिता माध्यामिक विद्यालयमा मा.वि.तहको बिज्ञान दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

यस गाउापालिका स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यन्वयन गर्नका लागि आवश्यक बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

कर्णाली प्रदेशको आ.व. २०७८/७९ को लागि समपुरक तथा विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने सूचना अनुसार तपशिल बमोजिमका आयोजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

क) समपुरक तर्फ

१) सिलिङ्गीचौर –तोलखान करुका घर्तीगाउँ सडक स्तरोन्नती

२) हानीसल्ला लिम्सा सडक स्तरोन्नती

३) दोविल्ला लिम्सा रोकायगाउँ सडक स्तरोन्नती

ख) विषेश तर्फ

१) दोविल्ला बेली ब्रिज

२) कार्कीज्यूला बेली ब्रिज

सिलिङ्गीचौर स्वास्थ्य चौकी

निर्णय नं.१४

यस बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको कित्ता नं.४८९,४९१,४९३,५४४,५४६,५८४ र ५८६ भित्र पर्ने सबै क्षेत्रफलको जग्गा १५ शैया आधारभुत अस्पताल निर्माण गर्नको लागि उपलब्ध गराउने गर्ने गरियो ।

निर्णय नं. १५

जलवायू परिवर्त सहयोग कार्यक्रम NCCSP_2 र यस कार्यालयको आर्थिक सहयोगमा मिति २०७७ साल असाढ २५ गते गएको बाढी पहिरोमा वडा नं. ४ र ५ मा क्षेति भएका घरधुरीहरुका सदस्यहरुलाई खानेपानी तथा क्षमता विकास तालिम संचालन गर्नका लागि प्रस्ताव गरिएकोमा ती वडा नं. ४ को सार्कीटोल र वडा नं. ५ को भैलोखानमा प्राविधिकरुमा खानेपानी योजना निर्माण गर्न नसकिने अस्वस्था भएको हुँदा वडा नं. ४ र ५ का बाढी पिडित घरधुरीका सदस्यहरुलाई तपशिल बमोजिमको क्षमता विकास तालिम संचालन गर्ने निर्णय गरियो ।

तपशिल

१. सिलाईकटाई तालिम २. पलम्बर तालिम ३. मेसन तालिम ४.हेयरकटिङ्ग ५. सिकर्मी

प्रशासकीय अधिकृत